मा. अनिलकुमार सिन्हा
मन्त्री
भूमि व्यवस्था सहकारी तथा गरिबि निवारण मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Anil Kumar Sinha
Minister
Ministry of Land Management,
Cooperatives and Poverty Alleviation
Singhadurbar, Kathmandu, Nepal

पत्र संख्या/Let. No.:

चलानी नं./Ref. No.:

# शुभकामना

सन् १९९३ देखि संयुक्त राष्ट्र संघको आह्वानमा प्रत्येक वर्ष अक्टोबर १७ मा "अन्तर्राष्ट्रिय गरिबी निवारण दिवस" मनाउने गरिएको छ। यस वर्ष अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको लागि संयुक्त राष्ट्र संघबाट "Ending social and institutional maltreatment by ensuring respect and effective support for families." भन्ने नाराकासाथ यो दिवस मनाइरहेका छौं।

नेपालमा वि.सं. २०१३ सालदेखि योजनावद्ध विकासको थालनी भएसँगै गरिबी निवारणको लागि नीतिगत र संस्थागत प्रयास हुँदै आएका छन्। आठौं योजनादेखि गरिबी निवारणलाई सरकारले मुख्य प्राथमिकतामा राखेकोले वि.सं.२०४९ सालमा करिब ४९ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेकोमा हाल उक्त जनसंख्या २०.२७ प्रतिशत (नेपाल जीवनस्तर सर्वेक्षण २०७९/८०) मा झरेको छ। चालू सोहौं योजनाले आगामी ५वर्षमा गरिबीको रेखामुनि रहेको जनसंख्या १२ प्रतिशतमा झार्ने, सन् २०२६ मा नेपाललाई अतिकम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र दिगो विकासको लक्ष्यले सन् २०३० सम्म हरेक क्षेत्रमा रहेको सबै प्रकारको गरिबीको अन्त्य गरी मध्यम आय भएको मुलुकमा पुऱ्याउने लक्ष्य रहेको छ।

गरिबी निवारणको लागि मुलुकमा सुशासन, भ्रष्टाचारको अन्त्य, राज्यका हरेक प्रणालीमा युवाको सहभागिता, प्रविधि मैत्री सेवा, विपद् व्यवस्थापन तथा जलवायू परिवर्तनको असर न्यूनिकरण, गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारीमा युवाको पहुँच, सामाजिक सुरक्षा प्रदान गर्न सकेमा सबै प्रकारका गरिबीको अन्त्य भई मुलुक समृद्धिको बाटोमा अगाडि बढनेछ। गरिबी निवारणका कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन र प्रतिफल वितरणमा जेन-जी (Gen-Z) पुस्ता लगायत सरोकारवालाको सक्रिय सहभागिता आवश्यक पर्दछ। नेपाल सरकार सम्वद्ध सवै पक्षसंग सहकार्य गर्दै अगाडि बढ्न प्रतिवद्ध रहेको छ।

अन्त्यमा, गरिबी निवारणका क्षेत्रमा देखा परेका चुनौतिलाई सामना गर्दै निजी क्षेत्र, नागरिक समाज, अन्तर्राष्ट्रिय समुदाय, विकास साझेदार र सरोकारवालासँग सहकार्य गरी मुलुकलाई गरिबीवाट समृद्धि तर्फ लैजाने राष्ट्रिय आकांक्षा पूरागर्ने अभियानमा अगाडि बढ्दै विश्वबाटै सबै प्रकारका गरिबीको अन्त्य गर्ने साझा जिम्मेवारी निर्वाह गर्न हामी सवैलाई थप प्रेरणा मिलोस् भन्दै ३३औं अन्तर्राष्ट्रिय गरिबी निवारण दिवसको अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

धन्यवाद!

३१ असोज, २०८२
नेपाल संवत् ११४५ कौलागा, एकादशी

(अनिलकुमार सिन्हा)
मन्त्री